म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ४७ मंगलबार, २९ भदौ २०७८ नवमी ने. सं. ११४१ ञलाथ्व 14 September, 2021 www.sajhakura.com.np पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakura.com.np

## कैलाशमा बालमैत्री घोषणा गर्ने तयारी

हेटौंडा/मकवानपुरको विकट कैलाश गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने प्रक्रिया अघि बढाइएको छ । बालमैत्री गाउँपालिका घोषणाका लागि समिति गठन गरेर प्रक्रिया अघि बढाइएको हो ।

ग्रामिण जागरण तथा विकास संगठन नेपाल मकवानपुरको आयोजना, प्लान इन्टरनेशनल नेपाल र कैलाश गाउँपालिकाको समन्वयमा पालिकाको उपाध्यक्ष सुकुमाया थिङको अध्यक्षतामा १३ सदस्यीय समिति गठन भएको हो । समितिको सदस्यहरुमा डा. सन्तोष कुरमा शाह, श्रीकृष्ण भण्डारी, बालचन्द्र मल्ल, ज्योतिका कालाखेती, गिम्केश शाही ठकुरी, तारा थापा, अभिषेक घिसिङ, हिरामाया सुनार, हस्तराम नेगी, व्यास माविका प्रतिनिधि र कमला माविका प्रतिनिधि रहेका छन् ।

उक्त समितिले पालिकाभित्र रहेका बालश्रमिकको उद्दार, उनहिरुलाई शिक्षा, बाल उद्यान निर्माणलगायत का अन्य कामहरु गर्नेछ । यसै चालु आर्थिक वर्षमा पालिकालाई बालमैत्री तथा बालश्रममुक्त पालिका घोषणाका लागि काम गर्न पालिकास्तरीय समिति गठन गरिएको कैलाश गाउँपालिकाका बालमैत्री सहजकर्ता हस्तराम नेगीले बताए ।

# मकवानपुरमा एक प्रतिशत कोरोना संक्रमितले ज्यान गुमाए

साझाकुरा संवाददाता



जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

कुल १५ हजार १७ जना कोरोना संक्रमित मध्ये हालसम्म १४ हजार ५ सय ५० जना संक्रमणमुक्त भइसकेको छन् ।

**बागमती प्रदेशका ३ लाख ४७ हजार १ सय ११ जना अर्थात ६१ प्रतिशत नागरिकले कोभिसिल्डको दोस्रो डोज लगाएका छन् ।**

हेटौंडा/नेपालमा कोरोना भाइरस संक्रमण फैलिएको करिब १६ महिना अवधिमा मकवानपुरमा कुल कोरोना संक्रमितको एक प्रतिशत अर्थात्, एक सय ६४ जनाले ज्यान गुमाएका छन् ।

यो अवधिमा १५ हजार ८ सय जनामा कोरोना संक्रमण पुष्टि हुँदा कुल संक्रमतिको एक प्रतिशतले कोरोना संक्रमणका कारण ज्यान गुमाएको स्वास्थ्य कार्यालयले जनाएको छ । सोमबार मनहरी गाउँपालिकाका एक जनाको मृत्युसँगै ज्यान गुमाउनेको संख्या एक सय ६४ पुगेको हो ।

ज्यान गुमाउनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगर पालिकाका छन् । हेटौंडाका एक सय १६ जना रहेको कार्यालयको तथ्यांकमा उल्लेख छ । यसैगरी संक्रमणका कारण थाहानगर-पालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्ति मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

### सोमबार ७ प्रतिशतमा कोरोना संक्रमण

मकवानपुरमा पछिल्लो २४ घण्टामा थप ९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा एक सय २२ जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

यो संख्या कुल परीक्षणको ७ प्रतिशत हुने कार्यालयको तथ्यांकमा उल्लेख छ । पछिल्लो २४ घण्टामा ९४ जनाको पीसीआर परीक्षण गर्दा ७ जनामा र २८ जनाको एन्टिजेन परीक्षण गर्दा २ जनामा कोरोना पुष्टि भएको हो । संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ५ जना, थाहानगरपालिकाका १ जना, मकवानपुरगढी गाउँपालिकाका २ जना र मनहरी गाउँपालिकाका एक जना रहेका छन् ।

यससँगै जिल्लामा हाल सम्म कोरोना संक्रमितको कुल संख्या १५ हजार १७ जना पुगेको छ । तीमध्ये हालसम्म १४ हजार ५ सय ५० जना संक्रमणमुक्त भएका छन् । जिल्लामा पछिल्लो २४ घण्टामा ३१ जना संक्रमणमुक्त भएका छन् ।

### ५० हजार बढीको परीक्षण

मकवानपुरमा हालसम्म ५० हजार बढी नागरिकको कोरोना संक्रमण परीक्षण गरिएको छ ।

हेटौंडालगायत बाँकी नौ वटा स्थानीय तहमा कोरोना परीक्षण गरिएको हो । हालसम्म जिल्लामा ५० हजार चार सय ५८ जनाको कोरोना संक्रमण परीक्षण गरिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । परीक्षण गरिएका मध्ये १५ हजार ८ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो सातामा मकवानपुरमा कोरोना संक्रमण निकै घटेर गएको छ । तर, यसअघि भने कोरोनाको संक्रमण दरमा बृद्धि भएको थियो ।

अहिले बजार र यातायातका साधन र बढी भीड हुने कार्यालयहरु खुलेसंगै कोरोनाको संक्रमण दर बढ्ला भन्ने चुनौती पनि उत्तिकै बढेको छ । कोरोना संक्रमण दर घटेसंगै हेटौंडा अस्पतालको आइसोलेसनमा समेत अहिले ६ जना संक्रमतिले उपचार गराइरहेका छन् । होम आइसोलेसनमा भने दुई सय ७० जना रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

### बागमतीका ३९ प्रतिशतले पाएनन् दोस्रो डोज खोप

बागमती प्रदेशका ३९ प्रतिशत नागरिकले अझै पनि कोभिसिल्डको दोस्रो डोज खोप लगाउन पाएका छैनन् ।

गत वर्षको माघबाट सुरु भएको खोप अभियानको विभिन्न चरणहरुमा कोभिसिल्ड खोप लगाएका मध्ये अझै ३९ प्रतिशत नागरिकले दोस्रो डोज लगाउन नपाएको सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले जनाएको छ ।

मन्त्रालयका अनुसार, प्रदेशका १३ जिल्लाका कुल ५ लाख ६७ हजार ८ सय २६ जना कोभिसिल्ड खोपको पहिलो मात्रा लगाएकाहरुमध्ये ३ लाख ४७ हजार १ सय ११ जना अर्थात ६१ प्रतिशत नागरिकले कोभिसिल्डको दोस्रो डोज लगाएका छन् ।

प्रदेशमा हालसम्म काठमाडौंका ४७ प्रतिशत, ललितपुरका २२ प्रतिशत, भक्तपुरका २५ प्रतिशत, रसुवाका ५५ प्रतिशत, नुवाकोटका ३४ प्रतिशत, धादिङका ४८ प्रतिशत, चितवनका २६ प्रतिशत, सिन्धुली ४७ प्रतिशत, मकवानपुरका ५६ प्रतिशत, दोलखाका ३१ प्रतिशत, काभ्रेका ३५ प्रतिशत र सिन्धुपाल्चोकका ६८ प्रतिशत नागरिकले कोभिसिल्ड खोपको दोस्रो डोज लगाउन नपाएको मन्त्रालयले जनाएको छ ।

प्रदेशको रामेछाप जिल्लामा भने पहिलो मात्रा लगाएका भन्दा ६८ प्रतिशत बढी व्यक्तिले कोभिसिल्ड खोपको दोस्रो डोज लगाएका छन् ।

## पुरुषले पुरुषलाई 'बलात्कार'

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा पुरुषले पुरुषलाई बलात्कार गरेको आरोप लागेको छ ।

बकैया-२, सरस्वती टोलका स्थानीय ३४ वर्षीय पुरुषले ३२ वर्षीया पुरुषलाई बलात्कार गरेको आरोप लागेको हो । पीडित युवकले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दिएका छन् । यद्यपि प्रहरीले सोमबार साँझसम्म जाहेरी दर्ता गरेको छैन् । 'घटनाबारे जाहेरी आएको छ । हामीले घटनाको वास्तविकता बुझ्दै छौं । यो अलि जटिल र नौला प्रकारको घटना भएकाले वास्तविकता बुझेपछि मात्रै जाहेरी दर्ता गर्छौं ।,' प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता देवेन्द्र दासले भने ।

इन्स्पेक्टर दासका अनुसार घटना शनिवार साँझको हो । स्थानीय ३४ वर्षीय पुरुषले छिमेकीको बारीमा ३२ वर्षीय पुरुषलाई मलद्ववारमा जबरजस्ती करणी गरेको आरोप लागेको हो । पीडित पुरुषलाई हेटौंडा अस्पतालमा उपचार गराइएको छ । प्रहरी स्रोतका अनुसार मोबाइलमा भिडियो हेरेर बसेका दुवै पुरुषमध्ये ३४ वर्षीयले जर्वजस्ती करणी गरेको आरोप लगाएका छन् । उता पीडक भनिएका पुरुषले भने भिडियो हेरेपनि आफूले अनैतिक कार्य नगरेको बताएका छन् ।

पीडित युवकले गाउँघरमा आफूलाई स्वास्थ्य समस्या भएको भनेपछि घटना बाहिर आएको थियो । प्रहरी स्रोतका अनुसार परिवारसहित छिमेकीले घटना बारे बुझ्दा आफूमाथि मलद्वारमा जर्वजस्ती गरेको बताएका थिए ।

## फरार खड्का पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले चोरी मुद्दामा फरार एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-८ बस्ने राजकुमार खड्का रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार, मकवानपुर जिल्ला अदालतको मिति २०७६ साल भदौ २६ गतेको फैसलाले चोरी मुद्दामा १ महिना ४ दिन कैद भुक्तान गर्न बाँकी भइ फरार रहेका खड्का आइतबार पक्राउ परेका हुन् ।

खड्कालाई इलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुर बाट खटिएको प्रहरी टोलीले हेटौंडा-८ बाट पक्राउ गरेको हो ।

# बागमतीमा गठबन्धनको सरकार बनाउने कसरत





साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशकी बर्तमान मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य नेतृत्वको सरकार ढालेर गठबन्धनको सरकार निर्माण गर्ने कसरतमा विपक्षी दलहरु जुटिरहेका छन् ।

नेकपा एमालेको एकल सरकार अल्पमतमा परेपछि विपक्षी दलहरु माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) सरकार निर्माणको कसरतमा जुट्न थालेका हुन् । विपक्षी गठबन्धनले नयाँ सरकार गठन प्रक्रियासमेत अघि बढाइसकेको छ ।

नेकपा एमाले विभाजन पछि निर्वाचन आयोगले आइतबार दल विभाजनको आधिकारिक पत्र पठाएर नेकपा (एकीकृत समाजवादी) लाई संसदमा दलको मान्यता दिएसँगै विपक्षी गठबन्धनबाट नयाँ सरकार गठन प्रक्रिया अघि बढाइएको हो । नेकपा (एस)ले संसदीय दलको बैठक बसेर २ भदौमा अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री नियुक्त हुँदा आफ्ना १३ जना सांसदबाट सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै विपक्षी गठबन्धनबाट सरकार निर्माण हुने निश्चित भएको हो ।

शाक्य मुख्यमन्त्री नियुक्त हुँदा तत्कालीन नेकपा एमाले बागमतीमा दल विभाजन नभएको र सनाखत प्रक्रियासमेत अघि नबढेको अवस्थामा सांसदहरुले समर्थन गरेको थिए । २ भदौमा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले एमाले संसदीय दलको बैठक बोलाएर राजीनामा दिँदै शाक्यलाई संसदीय दलको नेतामा प्रस्ताव गरेका थिए ।

पौडेलको प्रस्तावमा तत्कालीन एमालेका सबै ५६ सांसदको समर्थनमा शाक्य मुख्यमन्त्री बनेकी थिइन् । आफु मुख्यमन्त्री बन्ने भएपछि एमाले एक हुँदा माधव नेपाल पक्षकी शाक्यले खेमा परिवर्तन गरेर ओली पक्षको पूर्ण समर्थनसँगै ५६ सांसदबाट सर्वसम्मत दलको नेता चुनिएकी थिइन् ।

त्यसलगतै दल विभाजनको प्रक्रिया अघि बढेपछि २५ भदौसम्म १३ जना सांसदले नेकपा (एस)को पक्षमा सनाखत गरेपछि शाक्य अल्पमतमा परेकी थिइन् । शाक्य अल्पमतमा परेपनि नयाँ सरकार गठन प्रक्रिया अघि बढाइएको थिएन । आइतबार निर्वाचन आयोगले बागमतीमा नेकपा (एस)लाई दलको मान्यता दिएलगतै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै शाक्य आधिकारिक रुपमै अल्पमतमा परेकी छिन् भने, विपक्षी गठबन्धनबाट सरकार निर्माण हुने निश्चित भएको छ ।

'नेकपा (एस)ले संसदमा दलको मान्यता पाएसँगै हामी बागमतीमा चौथो शक्ति भएका छौं ।' आइतबारनै संसदीय दलको नेतामा चयन भएका राजेन्द्र पाण्डेले भने 'हामीले शाक्यलाई २ भदौमा दिएको समर्थन फिर्ता लिने निर्णय गरेका छौं । अब सरकार आधिकारिक रुपमै अल्पमतमा परेको छ ।' उनले अब गठबन्धनको सरकार निर्माणका लागि कसरत अघि बढ्ने र एक साताभित्रै नयाँ सरकार गठन हुने बताए । पाण्डेले अल्पमतको सरकारले विश्वासको मत लिन नसक्ने निश्चित भइसकेको दाबी गरेका छन् ।

### गठबन्धन पूर्ण बहुमतमा

संघीय र अन्य प्रदेश सरकार निर्माणको आधारमा बागमतीमा पनि तीन दलको गठबन्धनमा सरकार निर्माण हुने निश्चित छ ।

१ सय ९ सांसद रहेको बागमतीमा सरकार गठनका लागि बहुमत पुऱ्याउने ५५ मत आवश्यक पर्नेछ । नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को गठबन्धनमा सरकार निर्माण हुँदा सरकारलाई ५८ सांसदको समर्थन हुनेछ । बर्तमान स्थितमा माओवादी केन्द्रसँग २३, कांग्रेससँग २२ र नेकपा (एस)सँग १३ सांसद छन् । यो सरकार गठनका लागि गठबन्धनमा पूर्ण बहुमत हो ।

यता संसदको ठूलो दल नेकपा एमाले अब ४३ सांसदमा सीमित भइसकेको छ । एमालेले साना दलहरु विवेकशील साझा ३, नेमकिपा २, राप्रपा २ र स्वतन्त्र १ सांसदको समर्थन लिएर सरकार जोगाउने प्रयत्न गरेपनि ५१ मत मात्र पुग्नेछ । जुन सरकार टिकाउने ४ मत कम हुने अवस्था हो । त्यसकारण एकलले सरकार जोगाउने अवस्था न्यून हुँदाहुँदै विवेकशील साझाले समर्थन गर्न नसक्ने प्रष्ट पारिसकेको अवस्थामा एमालेका लागि ७ मत अपूग हुनेछ ।

## नेकपा (एस)ले टुंग्यायो संसदीय दलको पदाधिकारी

साझाकुरा संवाददाता




हेटौंडा/नेकपा (एकीकृत समाजवादी)ले बागमती प्रदेश संसदीय दलको पदाधिकारी टुंग्याएको छ ।

संसदीय दलको सोमबार हेटौंडामा बसेको बैठकले प्रमुख सचेतकमा मुनु सिग्देललाई चयन गरेको हो । दलका नेता राजेन्द्र पाण्डेको अध्यक्षतमा बसेकको बैठकले उपनेतामा कृष्ण खनाल र सचेतक बसुन्धरा हुमागाईलाई चयन गरेको छ ।

बैठकले एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यको नेतृत्वमा रहेको बागमती प्रदेश सरकार अल्पमतमा परेकाले गठबन्धन सरकार बनाउने निर्णय गरेको सचेतक बसुन्धरा हुमागाईंले जानकारी दिए । 'गठबन्धनमा रहेका दलहरु कांग्रेस र माओवादी केन्द्रसँग समन्वय गर्ने जिम्मवेवारी दलको नेता राजेन्द्र पाण्डेलाई दिइएको छ ।', सचेतक हुमागाईंले भने ।

बैठकले गठबन्धन सरकार बन्ने निश्चित भएकोभन्दै साझा न्यूनतम कार्यक्रम मस्यौदा गर्न माधव पौडेल, बसन्त मानन्धर, मीना ज्ञवाली र बसुन्धरा हुमागाईंलाई जिम्मा दिएको छ । नेकपा एमाले छाडेर १३ जना सांसदले नेकपा (एस) रोजेसँगै शाक्य नेतृत्वको सरकार अल्पमतमा परिसकेको छ ।

बागमतीमा सरकार निर्माणका लागि ५५ मत आवश्यक छ । माओवादीको २३, कांग्रेस २२ र नेकपा (एस) को १३ मतसहित कुल ५८ मत रहेको छ । स्वतन्त्र सांसद प्रेम तामाङको साथ पनि गठबन्धनलाई रहेको छ । उनी जसपा निकट हुन् । एमालेको ४६ सांसद रहेको छ । साना दलको सहयोगमा पनि एमालेको सरकार टिक्ने अवस्था छैन ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.




**Times AutoHub Hetauda**

**Contact:057-590610, 9855067840**

**आवश्यकता ! आवश्यकता !! आवश्यकता**

**१) पद:** फिल्ड सुपरभाइजर **संख्या:** ५ जना

**योग्यता: +2** उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि काममा दक्षता भएको ।

**२) पद:** रिसेप्सनिष्ट **संख्या:** १ जना

**योग्यता: +2** उत्तीर्ण एवम् कम्प्युटर सम्बन्धि ज्ञान र नेपाली टाइप गर्न सक्ने ।

**तलब/सुविधा:** आपसी समझदारीमा तय गरिनेछ ।

नोट: दुई पदका लागि मोटरसाइकल वा स्कुटरको लाइसेन्स अनिवार्य, आफ्नो वायोडाटा इमेल गर्नुहोला ।

**सम्पर्क: हेटौंडा हाउजिङ्ग प्रा.लि., हेटौंडा-१ चौकिटोल**

*Email: hetaudahousing1@gmail.com, subediras64@gmail.com*

साझाकुरा

## हाम्रो कुरा

# गाउँको सरकार, गाउँमै विकास

मुलुकलाई संविधान बमोजिमनै संघीयतामा परिणत गरेर स्थानीय तहलाई बलियो बनाएसँगै विकास निर्माणले गति लिएको देखिन्छ । स्थानीय स्रोत, साधन प्रयोग गरेर त्यस क्षेत्रमा आवश्यक विकासका पूर्वाधार निर्माणलाई पर्याप्त चासोका साथ लिँदै अघि बढाउने निती अन्तर्गतनै स्थानीय तहको विकासमा टेवा पुगेको देखिन्छ । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले हालसम्म एक दर्जन बढी पुल निर्माण गरिसकेको छ । स्थानीय तहको निर्वाचनपछि करिब ४ वर्ष अवधिमा गाउँपालिकाले दर्जन पुल निर्माण गरेको हो । पुल नहुँदा बर्षेनीदेखि दु:ख भ्ेल्दै आएका स्थानीयले अब भने केहि राहत पाउने निश्चित भइसकेको छ । साविकको गाविस हुँदा विकासबाट पछाडि परेको आमभञ्ज्याङ, गढी, सुकौरा र बढीचौर गाउँ विकास समिति मिलेर गाउँपालिका भएपछि काँचुली फरेको छ । ठाउँठाउँमा सडक निर्माण सँगै वर्षायाममा बाढी आउँदा खोला तर्न नसक्ने स्थानमा गाउँपालिकाले पक्की, फलामे पुल र कल्भर्ट निर्माण गरिरहेको छ ।

अधिकांश गाउँपालिबाबासी कच्ची सडक प्रयोग गर्नबाट मुक्त भएका छन् । गाउँपालिकाले विगतका ३ वर्षको अवधिमा ५ र ६ नम्बर वडाको मुख्य सडक (शहीद बासुदेव मार्ग) मा करिब ७० प्रतिशत सडक स्ल्याब ढलान गरिसकेको छ । यसैगरी १ नम्बर वडाको शिखरकटेरीबाट र ४ नम्बर वडाबाट गाउँपालिका केन्द्र पुग्ने सडकमा स्ल्याब ढलान गरिएको छ । गाउँगाउँमा सडक, गाउँपालिका केन्द्र जोडन् ३ ठाउँमा पक्की पुल, हरेक वडाबाट गाउँपालिका केन्द्र पुग्न सडक र झोलुङ्गे पुल निर्माण तीव्र गतिमा अगाडि बढिरहेको छ । गाउँपालिकाले बितेको ३ वर्षमा १५ किलोमिटर सडक कालोपत्रे र स्ल्याब ढलान गरेको छ । ४० किलोमिटर सडकमा ग्राभेल र ४० किलोमिटर नयाँ सडक ट्र्याक खोलेको गाउँपालिकाले जनाएको छ । वर्षायाममा सामरी, ज्यामिरे लगायतका खोलामा बाढी आउँदा सदरमुकाम हेटौंडासँगको सम्पर्क टुट्ने गरेको अवस्थाबाट गाउँपालिकाबासी मुक्त भएका छन् । गाउँपालिकावासी तीन वर्षको अवधिमा पक्की सडक र विभिन्न खोलामा निर्माण भएका पुलबाट सहजै आवतजावत गर्न थालेका छन् ।

जनप्रतिनिधि आएपछि गाउँपालिकामा पक्की सडक पुल, भ्ोलुङ्गे पुल र कल्भर्ट पुल गरी एक दर्जन पुल निर्माण भएको गाउँपालिकाले जानकारी दिएको छ । मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईंको सक्रियतामा गाउँपालिकामा पुल निर्माण र सडक निर्माणले प्राथमिकता पाएको हो । पुल निर्माणमा गाउँपालिका आफैंले बजेट हालेको छ । हरेक वर्ष वर्षायाममा सवारीसाधन सञ्चालनमा रोक लाग्ने ज्यामिरे खोलामा पुल बनेपछि गाउँपालिकाबासी खुशी छन् । यसैगरी गाउँपालिकाको पहलमा मकवानपुरगढी-४ वाइवा- डाँडा र मकवानपुर गढी-५ कालिवन जोड्ने भ्ोलुङ्गे पुल निर्माण गरिएको छ । वडा नम्बर ८ ओखरडाँडा र भीमफेदी गाउँपालिकाको वडा नम्बर २ इचुङ जोड्ने भ्ोलुङ्गे पुल निर्माण गर्न लागिएको छ । मकवानपुरगढीले अघि बढाएको विकास निर्माणलाई अरु स्थानीय तहले पनि अनुशरण गर्न सक्नु पर्दछ । र, यस्ता विकासलाई गाउँकै सरकार अघि बढाउन अत्यन्त जरुरी देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ भदौ ३० गते बुधबार १५ सेप्टेम्बर २०२१ । भदौ शुक्ल नवमी । ञंलाथ्व नवमी ११४१ । सूर्योदय ५:४८ र सूर्यास्त ६:०९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रुबाट मुक्त | **तुला** | : प्रेममा सफलता |
| **वृष** | : मिष्ठान्न भोजन | **वृश्चिक** | : आफन्तजन भेट |
| **मिथुन** | : आलश्यता | **धनु** | : भित्रजन भेट |
| **कर्कट** | : सुख प्राप्ति | **मकर** | : धन प्राप्ति |
| **सिंह** | : यात्राको योग | **कुम्भ** | : धन नष्ट |
| **कन्या** | : अध्ययनमा बाधा | **मीन** | : शुभ कार्यको थालनी |

# राष्ट्रिय बाल दिवस/भौमाष्टमी व्रत




निर्दोष आँखा, हैरान पार्ने गरी दोहोरिएका सामान्य प्रश्नहरू । तोते बोली, कार्टुनमा र माउने बानी । बद्माश र शैतानी व्यवहारहरू । अनि तिनीहरूका अवोध गतिविधि, बालबालिकाका जाँधुई आँखाहरू । अनि तीभित्र रहेका सामान्य सपनाहरूका अगाडि त सायद प्रकृतिले हामी मानिसलाई पनि यही रूपमा रहिरहन बनाएका हुन् कि जस्तो पनि लाग्छ । अर्थात्, भदौ २९ गते हरेक वर्ष नेपालले यिनै बालबालिका र तिनको सुरक्षा अनि संरक्षणका लागि बाल दिवस मनाउने गरिन्छ ।

**नेपाली परिवेशमा राष्ट्रिय बाल दिवस**

विक्रम सम्वत् २०२१ भाद्र ४ गतेबाट नेपालमा राष्ट्रिय बाल दिवस मनाउन थालिएको हो । उतिबेला भाद्र ४ गते बाल दिवस मनाउने चलन थियो । तत्कालीन बडारानी रत्न राज्यलक्ष्मीदेवी शाहले आफ्नो भारत भ्रमणमा थिइन् । त्यहाँ उनले महात्मा गान्धीको जन्म दिवसमा बाल दिवस मनाएको देखिन् । उक्त दिन सामाजिक रूपमा थुप्रै कामहरू हुने गरेको चाल पाइन् । उनी नेपाल फर्केपछि भाद्र ४ गतेलाई राष्ट्रिय बाल दिवसको शंखनाद गरेकी हुन् ।

रत्न राज्यलक्ष्मीदेवी शाहको जन्म दिन पारेर भाद्र ४ लाई बाल दिवस बनाइने चलन शुरुआत भयो । यसरी भाद्र ४ गते पारेर नेपालले ४२ वटा बाल दिवस मनायो । अन्तत: २०६३ देखि मुलुक गणतान्त्रिक पथमा लम्कदै गर्दा नेपालले भाद्र २९ लाई बाल दिवसका रूपमा स्थापित गर्यो । यस वर्षको भाद्र २९ को बाल दिवसमा हामी सबैलाई स्वागत छ । बालपनको यादहरू हामीहरू सबैसँग ताजा छ । हामीमध्ये धेरैलाई आफू धेरै छिटो बुढो या वयस्क भएजस्तो भान हुन्छ पनि । किनभने बालापन छ नै यति मीठो कि आज खाने चकलेटको स्वाद भन्दा एकपल बालपनको सम्भ्ना गर्दा मनमा आउने मिठास धेरै गुणा गुलियो हुन्छ । श्रृष्टिका कोपिलाहरू हुन बालबालिका, अनि यी कोपिलाहरूलाई फक्रन सक्ने सहज वातावरण दिन सकिएन भने भविष्यमा मानव पुष्पको अस्तित्वको मिठासमा प्रश्नचिह्न उठ्न सक्छ ।

तसर्थ, बालबालिकाहरूलाई ज्ञान, सीप, धारणाको सकारात्मक र आशावादी विचारहरूको विचारोपण गर्न जरुरी छ । छाला चाउरी परेका बुढाबुढीहरूदेखि भर्खरै जुगाको रेखी पलाउँदै गरेका किशोरसम्म, ठूला ठूला दार्शनिकदेखि गणितज्ञसम्म सबै जनाहरूलाई बालापन प्रिय छ । आधारभूत मौलिक ज्ञानहरू, पारिवारिक स्नेह, उत्साहजनक खेलकुद र आधारभूत अक्षराम्भ लगायतका शिक्षाहरूले गर्दा बालापन सदासर्वदा याद रहन्छ नै ।

बालापनामै हामीले हाम्रो सिक्ने क्षमता विकास गरेका हौँ । पाइलाका ठेस र पैतालाका घाउले हामीलाई गुरुत्वाकर्षण बल सिकायो होला । विशाल जगतमा प्रथम शब्द आमा, बुवा या पापा भनेपछि हामीले धेरै कुरा र वस्तुहरूको नाम सिक्दै गयौँ होला । आमाको हातले खुवाएको गाँस चपाउँदै हामीले आफैँ खान सिक्यौँ होला । हामीले पहिले 'क' सिक्यौँ अनि 'क' बाट कछुवा । विद्यालयको गृहकार्यले हामीलाई समयको महत्व र अनुशासन सिकायो होला । छेउकै बेञ्चमा बस्ने साथी जसलाई हामीले सोभ्ौ 'तिमी', 'तपाईं' केही नभनी 'तँ' भनेका हुन्छौँ । उसको र उनको उपस्थितिले हामीलाई मित्रता सिकाएको होला । कापीका पानाहरूले हामीहरूलाई अक्षर लेख्न सिकायो होला ।

बालापनाका तिनै सिकाईका अध्यायहरूले हाम्रो जीवनभर एउटा प्रभाव र आधार दिइरहन्छ । फ्रान्सका दार्शनिक जिन ज्याक्स रुसोले भनेका थिए 'मानव जन्मिदा स्वतन्त्र जन्मिन्छ, तर विस्तारै ऊ दायित्वको डोरीले बाँधिदै जान्छ ।' यस अर्थमा संसारमा एउटा बालबालिका भन्दा स्वतन्त्र अरु कोही छैन । निर्दोष र स्वतन्त्र त्यो मलिलो बालमष्तिष्कमा माया, प्रेम र सद्भावका भावनाहरू छर्न जरुरी छ । मानिसलाई उसले लगाउने लुगाले होइन, उसको विचारले चिन्न सिकाउनु जरुरी छ । ठूलो घरभन्दा सुखी परिवारको महत्व उनिहरूलाई भन्न जरुरी छ । बाटोमा फोहोर उठाउन आउने मानिस र चिल्लो गाडीमा बसेर अफिस जाने मानिसबीचमा, सम्पत्तिबीचको फरक भन्दा पनि मानवतारूपी समानता र काम ठूलो सानो हुन्न भन्ने महत्वपूर्ण जानकारी उनीहरूलाई सिकाउन पर्छ । कारमा बसेर सपिङ्ग मल होइन, खाली खुट्टा हरियो दुबोमा उफ्रेर नाच्दाको रमाइलो उनीहरूलाई सिकाउनु पनि जरुरी छ ।

पछिल्लो पुस्ताको बाल्यकाल र हालको बाल्याकालमा धेरै फरक छ । उतिखेर डन्डिबियो र लुकामारीमा हुर्केका पुस्ताका तुलनामा आजभोलिका बालबालिका कम्प्युटर गेम र अनलाइन भिडियो, अनि मोबाइल खेलेर हुर्किरहेका छन् । समय परिवर्तनशील छ तथापि उनीहरूलाई आफ्नो फेभरेट कार्टुन यूट्यूवमा हेर्नु र बिहानीको सूर्य उदाएपछिको घामको पारिलो रापको स्वाद अनि अरुलाई मद्दत गर्न पाउँदाको असीम आनन्द सबै कुराहरूबारेमा जानकारी गराउन र मानवीय क्रियाकलापको महत्व सिकाउन सक्नुपर्छ ।

सानामा प्रशस्त माया पाएका बालबालिकाहरूले मात्र अरुलाई विश्वास र माया गर्न सिकेका हुन्छन् । बालपनको यो संसार मायामा अडेको छ । तसर्थ, आफ्ना बालबालिकालाई माया गर्न, उनीहरूका जिज्ञासाका सरल उत्तर दिन अनि उनीहरूलाई सत्य र आशावादी बन्न हरेक हिसाबले सिकाऔं । हामीले पनि बालबालिकालाई पढाइको नम्बर र उनीहरूले लेखेका अक्षर अर्थात् ह्यान्डराइटिङ्गका आधारमा तुलना नगरौं । हरेक बच्चा आफैंमा विशेष छन् । केवल उनीहरूमा भएको क्षमताको पहिचान गरी त्यसलाई उजागर गर्न प्रोत्साहन गरौं । बालबालिकाका निम्ति पैसा भन्दा धेरै समय लगानी गर्न जरुरी छ । उनीहरूलाई स्पाइडरम्यान, ब्याटम्यान र हल्क भन्दा राम्रो मानिस र सरल मानिस बन्न प्रेरित गरौं । आजको दिनले हामी हुर्किइसकेकालाई बालबालिकाप्रतिको हाम्रो कर्तब्यको दायित्व याद गराउँछ । बालबालिका यस जगतका लागि अनुपम उपहार हुन् । उनीहरूले विशेष माया र सम्मान पाउनपर्छ । आजको दिन ती बालबालिकालाई पनि याद गरौं, जसमाथि विभिन्न स्थान र शैलीमा दुर्व्यवहार गरिन्छ अनि भइर हेको पनि छ । अपहेलना गरिन्छ, जो बिरामी परेका छन् । उपचारको पहुँचमा छैनन् र ती बालबालिकाहरू जो खुशी छैनन्, तिनीहरूको मुहार र जीवनमा मुस्कान ल्याउन सक्नु नै आजको दिनको उद्देश्य हो । आजको दिन गत वर्ष भ्ैं एउटा अर्को नयाँ बाल दिवस मनाइँदै गर्दा बुबा-आमाले पनि आफ्ना छोराछोरीसँग आफ्नो सम्बन्धका बारेमा सोच्न जरुरी छ । जीवन एक्दमै ब्यस्त हुँदै गएको छ, तथापि के उहाँहरूले आफ्ना छोराछोरीका लागि पर्याप्त समय र माया दिन सक्नुभएको छ कि छैन ?

के तपाई-हाम्रा बालबालिका सही दिशातर्फ उन्मुख भइरहेका छन् या छैनन्, यदि छैनन् भने हामीले आफ्नो ब्यवहारमा कस्तो परिवर्तन ल्याउनुपर्ने हो त्यो पनि विचार पुर्याउनु जरुरी छ । बाल दिवस औपचारिकतामा मात्र सीमित नहोस् । यहाँ न त श्रवणकुमार माटोबाट आएका हुन् न त आतकंवादीहरू आकाशबाट भ्ररेका हुन् । हाम्रा बालबालिका असल हुन्, असल सोचून्, असल बोलून् र असल देखून्, सबैलाई शुभकामना ।

**भौमाष्टमी व्रत**


सनातन धर्मका अनुयायीहरूले हरेक चाडलाई आ-आफ्नो तवरले मनाउन र सम्भ्ना गर्न सक्छन् । यस दिनको भोज-भत्तेर भन्दा पर बसेर अध्यात्मिक फलका लागि व्रत लिने चलन पनि आफैंमा अनुपम छ । भौमाष्टमी व्रतमा विशेषगरी मंगल ग्रहको पूजा तथा ग्रहशान्ति समेत गर्ने गरिन्छ । अष्टमी तिथिमा शक्तिको उपासना गर्दाको फल धेरै मिल्छ भन्ने विश्वास गरिन्छ । भौमाष्टमीमा विशेषगरी गोरखकाली भगवतीको पूजा तथा उपासना गर्ने प्रचलन छ । गोरखास्थित भगवती गोरखकालीको मन्दिरमा आज दर्शनार्थीहरूको विशेष पूजाका उपस्थिति रहने गर्छ । अन्य व्रतहरूमा भ्ैं बिहानै उठेर स्नान गर्ने, भजन कीर्तन गर्ने, अर्चना गर्ने र पवित्र पुस्तकहरूको अध्ययन गर्ने अनि आत्मसात् गर्ने चलन छ । यस वर्षको भौमाष्टमीको सबैलाई शुभकामना छ । *- हाम्रोपात्रो*

# 'सहकारीको बदमासी नियमन नहुँदाको परिणाम'



**गौरीबहादुर कार्की**
पूर्वन्यायाधीश

> पायो भने सहकारी संस्थाहरूबाट पैसा खाने संस्कार छ । चुनावका बेला पैसा माग्ने गरेपछि के नियमन हुन्थ्यो !



२०४८ सालअघि सहकारी संस्था एकदमै थोरै थिए । त्यसपछि लगातार निकै ठूलो संख्यामा सहकारी संस्था खुले । एककिसिमको बाढी नै आयो । तर उत्पादनमूलक सहकारी संस्था होइन बचत तथा ऋण सहकारी संस्था धेरै आए । ती संस्थाको उद्देश्य भनेको नै पैसा बचतको रूपमा राख्ने अनि ऋण दिने भयो । सहकारी संस्थाहरूलाई नियन्त्रण थिएन । अनि सहकारीहरूले घरजग्गा कारोबार गर्थे । ऋण लिएर पनि जग्गा किन्ने । बचत लिएर पनि जग्गा किन्ने सहकारीहरूको काम थियो ।

जग्गाको भाउ छोटो समयमा निकै बढ्थ्यो । अनि महँगोमा जग्गा बेचेर ऋण तिर्ने, बचतको ब्याज तिर्ने गर्ने गरेका थिए । सुधीर बस्नेतको ओरियन्टल सहकारी संस्था पनि त्यही रूपमा चल्यो । उनीहरूले निकै महँगो ब्याज दिन्थे । बचतमा नै १८ प्रतिशत त लेखेरै दिन्थे । धेरै वर्ष राख्नेलाई भित्री सहमतिमा ३० देखि ४० प्रतिशतसम्म ब्याज दिन्थे रे ! त्यसबेला उनीहरूलाई बचतको ब्याज तिर्न समस्या थिएन । आज एक करोडमा जग्गा किन्यो, केही महीनापछि डेढ करोडमा बिक्री हुन्थ्यो ।

जग्गा नाफाबाट टन्न पैसा कमाएपछि ब्याज बुभ्ाउन घरमै पुग्थे । सुधीर बस्नेतले मात्रै होइन, सबैले यस्तै गरे । जब राष्ट्र बैंकले यस्तो कारोबारमा कडाइ गर्‍यो जब जग्गा कारोबारमा मन्दी आयो । जसको असर सहकारीहरू डुबे । किनेको जग्गा पनि बिक्री भएन । नाफा हुनै पाएन । दिन दुई गुणा, रात चौगुणा हुँदा पो राम्रो ब्याज दिन्थे । अब जग्गा बिक्री नै हुन छाडेपछि सहकारीमा घोटाला शुरू भयो । उनीहरूको उद्देश्य भनेको नै बढी पैसा जम्मा गर्ने, त्यो पैसाले घरजग्गा कारोबार गर्ने हुन्थ्यो । त्यो नभएपछि डुब्ने नै भए । त्यसबेला समस्या आउनुको मुख्य कुरा यो थियो । सहकारी विभागले नियन्त्रण तथा नियमन गर्नुपर्ने थियो तर नियमन भएन । जिल्लाहरूमा डिभिजन सहकारी संस्थाहरू थिए । डिभिजन सहकारीका कर्मचारीहरू नै पैसा खाएर सहकारीवालाहरूसँग मिल्थे । सहकारी संस्थाहरू नियममा चल्दैनथे । ठीक छ, ठीक छ भन्ने अनुगमन नगर्ने । सहकारी विभाग, सहकारी डिभिजनले कहिल्यै पनि समस्या आयो भनेर देखाएनन् । अर्बमा जनताको रकम सहकारीमा जाँदा पनि सहकारी विभागले केही भनेको थिएन ।

सहकारी विभाग कृषि मन्त्रालय मातहत थियो । मन्त्रालयका कर्मचारीहरूलाई ठूला परियोजना र पैसा आउने ठाउँमा मात्रै ध्यान जाने । सहकारीको वास्तै नगर्ने । राज्यको दृष्टि सहकारीमा नपर्दाखेरि समस्या भयो । २०७० सालमा बचतकर्ताहरूले ओरियण्टलले डुबायो भनेर जुलूस निकाल्न, सिंहदरबार घेराउ गर्न, मन्त्रीको बाटो छेक्न थाले । अनि सरकारको ध्यान गयो । जनताको यति ठूलो रकम डुबेको रहेछ भनेर त्यसपछि मात्रै चासो दिइयो । त्यसपछि सरकारले मेरो अध्यक्षतामा सहकारी जाँचबुभ् आयोग गठन गरेको थियो । खिलराज रेग्मी मन्त्रिपरिषद्को अध्यक्ष भएको बेलामा आयोग गठन गरिएको थियो । राजनीतिक नेता भइदिएको भए धेरै मतलब हुने थिएन होला । न्याय सेवाबाट आएको मान्छे, उहाँले कुरा बुझ्नुभयो र आयोग गठन भयो । मलाई बोलाएर तपाईंले नै गर्नुपर्‍यो भन्नुभयो । समस्या के छ ? कसरी समाधान गर्न सकिन्छ ? कानूनी त्रुटि के छ, यसरी सुभ्ाव ल्याउनु भन्नुभएको थियो । हामीले सुभ्ाव दिंदाखेरि सहकारीमा नियमन भएन, सरकारले पनि हेरेन भनेर सुभ्ाव दियौं । त्यो बेला सहकारीले बद्मासी गर्‍यो भने दर्ता खारेज गरिदिने, एक/दुई सय रुपैयाँ जरिवाना गर्ने गरिन्थ्यो ।

दर्ता खारेज गरेर समस्याको समाधान हुँदैनथ्यो । हामीले नियमन कडा हुनुपर्‍यो भनेर सुभ्ाव दियौं । त्यसपछि सहकारी ऐनको मस्यौदा समेत मैले बनाएर दिएको थिएँ । सहकारीको ऋण असुली गर्न पनि सहकारी ऋण असुली न्यायाधिकरण गठन गर्नुपर्छ भन्ने सुभ्ाव थियो । न्यायाधिकरणले छिटोछरितो ढंगबाट असुली गर्नुपर्छ, यो अदालती प्रक्रिया भन्दा सहज हुन्छ भन्नेथियो ।

अहिले पनि बैंकहरूको ऋण असुली गर्न ऋण असुली न्यायाधिकरण छ । त्यो सुभ्ावको आधारमा पछि ऐन बन्यो तर हाम्रा सांसदहरू सहकारीका सञ्चालकहरू थिए । सहकारीबाटै तलब भत्ता खानेहरू पनि सांसद थिए । यो कारणले गर्दा ऐनको मस्यौदा अनुसार भएन । त्यो मस्यौदामा करीब ६०० वटा संशोधन गर्न सांसदहरूबाट सुभ्ाव पेश भएको थियो । अहिले मुलुक संघीयतामा गएपछि डिभिजन सहकारी कार्यालयहरू खारेज गरिएको छ । नियमनको अधिकार तीनै तहका सरकारको भएको छ । तर समस्या घटेको छैन । पायो भने सहकारी संस्थाहरूबाट पैसा खाने संस्कार छ । चुनावका बेला पैसा माग्ने गरेपछि नियमनको विषयमा सोच्दै सोचेनन् । पहिले जिल्ला जिल्लामा अफिस राखेर त नियमन गरेनन् । अहिले त कसैलाई केही थाहा नै छैन के नियमन हुन्थ्यो !

संघीय सरकार नै अन्योलमा छ । कुहिरोको काग छ, उसलाई मतलब नै छैन । ठूला ठूला पैसो आउने ठाउँमा मात्रै उसले हात हाल्छ । समस्यामा परेका सहकारीहरूबाटै बरु सहयोग लिन्छन् । चुनाव खर्च जुटाउँछन् । अब उनीहरूबाट नुन खाएपछि नियमन गर्न त सक्दैनन् नि ! कारबाही नै हुँदैन । ऐन अनुसार मुद्दा चलाउने हो भने पनि धेरै समस्या हुँदैनथ्यो । यो वा उ सरकार भन्ने कुरा होइन । सरकार तगडा हुनुपर्‍यो । कतिपयले घरजग्गा धितो राखेर ऋण दिने र ऋण तिर्न नसकेपछि लिलामी गरेर त्यो घरजग्गा आफ्नो मान्छेलाई पारेर खान्छन् । सरकार तगडा भएर प्रभावकारी काम नगरेसम्म सहकारीको ठगी रोकिँदैन ।

यहाँ त बिरालोको घाँटीमा कसले घण्टी भ्ुण्ड्याउने भने जस्तो भाषण गर्न सबै अघि बढ्छन्, काम गर्दैनन् । नेताहरू नै सहकारी चलाउँछन्, सहकारीका अगुवाहरू नै पार्टीका नेता छन् । राजनीतिक रूपमा ६० लाख जनता सहकारीमा छन् । ती हाम्रा भोटर छन् भनेर पार्टीका नेतालाई ब्रिफिङ गरेका छन् । यो भोट बैंक हो भनेर प्रयोग गरिएको छ । बचत र ऋण सहकारीले समस्या बनाएका छन् ।

चियाको, दूधको जस्ता सहकारीहरूले गाउँगाउँमा राम्रो काम पनि गरेका छन् । सहकारी भनेको केही मान्छेहरू मिलेर सहकार्य गर्नका लागि बनाएको संस्था हो । अब लालीगुराँस सहकारी वाणिज्य बैंक भन्दा ठूलो छ । दरबार बनाउन ऋण दिन्छ । त्यति ठूलो पूँजी भएपछि विकास बैंक वा वाणिज्य बैंक बनाए भयो नि ! सहकारी नै किन राख्न दिनुपर्‍यो ?

सहकारी भनेको यस्तो हुँदैन । केही व्यक्ति मिलेर केही काम गरौं भनेर उत्पादनमूलक बनाउनुपर्ने सहकारी हो । यो सबै भनेको नियन्त्रण र नियमन नहुँदाको परिणाम हो । यो सरकारको काम हो । तर संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह मतलब नै गर्दैनन् । बरु तर्साएर फकाएर खाने तर नियमन नगर्ने हुँदा यो समस्या देखिएको हो । - अनलाइनखबर

# चर्कियो भक्तपुर अस्पताल र साझाको विवाद



भक्तपुर (रासस)/ भक्तपुर अस्पतालको गेटैमा पूर्वतर्फ आकस्मिक कक्ष, पश्चिमतर्फ साझा औषधि बिक्री कक्ष र अलिक पर कोरोना संक्रमित बिरामीको सघन उपचार कक्ष छ । एउटा साँघुरो सानो टहरामा भक्तपुर अस्पतालको औषधि बिक्री कक्ष छ ।

पुराना भवन धमाधम मर्मत र रेक्टोफिटिङ भइरहेको अवस्थामा अस्पतालमा बिरामीको बढ्दो चाप र भवनको निकै अभाव छ । संकट झेलिरहेको सो अस्पतालमा वर्षौंदेखि कब्जा जमाएर बसेको साझा औषधि लिमिटेडले अस्पताल परिषर छाड्न गरेको पटक-पटकको निर्देशनलाई अटेर गरेको छ । आफ्नै औषधि बिक्री कक्ष राख्न सहज ठाउँ नपाएको अस्पताललाई साझाले भने वर्षौंदेखि भाडासमेत तिरेको छैन ।

साझालाई अस्पताल प्रशासनले हटेर जान भन्दा राजनीतिक दबावदेखि सरुवासमेतको धम्की दिने गरेको अस्पताल प्रशासनको गुनासो छ । विगतका मेडिकल सुपरिटेण्डेन्टले गरेको कमजोरीका कारण यतिखेर अस्पतालले निकै दु:ख पाउनु परेको गुनासो अस्पताल प्रशासनको छ ।

वर्षौंदेखि बस्दै आएको साझाले अस्पताललाई धेरै वर्षदेखि भाडा तिरेको रेकर्ड नभएको प्रशासनको भनाइ छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मिलन सुवाल अस्पतालले आफ्नो फार्मेसी राख्ने ठाउँ नपाएर सानो जस्ताको टहरामा राख्नु परेको बताउँछन् । उनी भन्छन्, "वर्षौंदेखि साझाले अस्पताल परिसरमा औषधि बिक्री कक्ष राख्दै आएको छ, छोड भन्दा छोड्दैन, ऊ व्यापार गर्छ, हामी बीमाको नि:शुल्क औषधि दिन्छौ, ठाउँ चाहियो भन्दा टेर्दैन ।"

अस्पतालको औषधि बिक्री कक्षमा बीमाका बिरामीको लामो लाइन हने गरेको उनले जानकारी दिए । दैनिक २ सय देखि २ सय ५० बीमाकै बिरामी आउने गरेका बताइएको छ । "साँघुरो भएकाले लाइन बस्ने ठाउँ पनि पाउदैनन्, बीमा बाहेकका कतिपय बिरामी बाहिर महँगोमा औषधि खरिद गर्न बाध्य छन्, साझाले छाडे त्यहीँ ठाउँमा अस्पतालले औषधि बिक्री कक्ष राख्न सक्थ्यो, तर छाड्दैन, उल्टै छाड्दैनौं के गर्छौ भनेर धम्क्याउँछन्", अस्पताल प्रशासनको गुनासो छ ।

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सुमित्रा गौतमले साझाले अस्पतालको ठाउँ नछाड्दा निकै समस्या परेको बताए । उनी भन्छन्, "चार वर्ष अगाडि एक वर्षका लागि सम्झौता गरिएको रहेछ, म अस्पतालमा आउनु अघिदेखि नै सम्झौता नगरी नियमविपरीत बस्दै आएको छ, अस्पतालले औषधिमा १० प्रतिशत छुट दिइरहेको छ, प्रमुख जिल्ला अधिकारीसँग बसेर भएको छलफलमा साझालाई अस्पताल छाड्न निर्देशन दिइएको पनि हो, तर अटेर गरेको छ, अस्पताललाई निकै समस्या परिसक्यो ।"

साझाका प्रबन्ध सञ्चालक भरत कोइरालाले अस्पतालको अनुमगन गरेर यहाँको समस्या देखेर र बुझेर जाँदा पनि साझाले कुनै हालतमा अस्पतालभित्रको ठाउँ नछाड्ने अडान राखेको बताए । केहीवर्ष अगाडिसम्म स्लिपको भरमा साझाबाट औषधि लैजाने गरेको पाइएको छ । अस्पतालको रकेर्डमा विसं २०७४ देखिनै साझाले भाडा नदिएको प्रशासनको भनाइ छ । अस्पतालका मेसु डा. गौतमले भने, "म आउँदा यहाँ धेरै बेतिथि थिए, अस्पताल व्यवस्थापन समिति र प्रशासन मिलेर त्यस्ता बेतिथिलाई हटाउँदै लगेका छौँ, साझाले गर्दा हामीलाई समस्या भयो, ठाउँ छोडिदेउ भन्दा पनि छोड्दैन, यो कस्तो जबरर्जस्ती हो ?, पहिलादेखि नै अस्पताललाई चारैतिरबाट पेल्दै आउने प्रवृत्तिले दु:ख पाउँदै आएको रहेछ ।"

अस्पतालको लेखा शाखाका अनुसार साझाले २९ लाख भाडा तिर्न बाँकी छ । उल्टै साझाले २४ लाखको बिल पठाएको बताइएको छ । साझाले अस्पतालका कर्मचारी र अस्पतालले लगेको औषधि भनेर बिल पठाएको छ ।

अस्पतालले भनेको छ, "कहिले कुन औषधि मागेको हो, कस कसले कुन औषधि कहिले लगेको हो, त्यसको कुनै बिल र प्रमाण छैन, अनावश्यक बिल बनाएर आएको बिलको कसरी भुक्तानी गर्नु ?, साझाले आर्थिक क्षेत्रमा समेत अस्पताललाई समस्या पारेको छ ।" हरेक आर्थिक वर्षको अन्त्यमा त्यस्ता हिसाब फर्स्यौट गर्नुपर्ने नियम भए पनि साझाले वर्षौं अगाडिदेखिको बिल भनेर २४ लाखको बिल ल्याएको र बाँकी र कमको जबरर्जस्ती चेक छाडेर गएको गुनासो लेखा शाखाको छ । साझाले अस्पतालका चिकित्सकलाई औषधि सिफारिसका लागि प्रलोभन र दबाब दिने गरेको तथा केही कर्मचारीलाई प्रलोभन दिने गरेको अस्पतालका कर्मचारीकै भनाइ छ ।

एउटै कम्पाउण्डमा फरक-फरक औषधि पसल हुँदा बिरामी ठगिने र अलमलमा पर्ने गरेको बिरामीका आफन्त बताउँछन् । साझाका प्रबन्ध सञ्चालक कोइराला भने अस्पतालले भाडा लिनै नमानेको जिकिर गर्छन् ।

उनले भने, "हामीले भाडा दिन खोजेका छौँ, अस्पतालले लिन मानेको छैन, साझा पनि सरकारी स्वामित्वमै रहेको संस्था हो, अस्पतालको औषधि बिक्री कक्षले मात्रै धान्दैन, त्यसैले साझा चाहिएको हो, कतिपय शल्यक्रियाका औषधि साझाले मात्रै बिक्री गर्न पाउँछ, त्यस्ता औषधिका लागि पनि साझा चाहिन्छ ।"

## सन्दर्भ : राष्ट्रिय बाल दिवस

# हराएकामध्ये ८३ प्रतिशत बालबालिकाको परिवारमा पुनर्मिलन

काठमाडौँ (रासस)/गत आर्थिक वर्षमा हराएकामध्ये ८३ प्रतिशत बालबालिकालाई खोजी गरी परिवारमा पुनर्मिलन गराइएको छ । नेपाल सरकार, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मार्फत् उक्त वर्षमा तीन हजार ६५८ बालबालिका हराएकामध्ये तीन हजार नौ जनालाई पुनर्मिलन गराइएको हो ।

सोही अवधिमा बेवारिसे फेला परेका १९७, सडक बालबालिका ३५५ र जोखिमपूर्ण कार्यमा संलग्न तथा सडकमा वस्तु विनिमयमा संलग्न ५८ बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता उमेश ढुंगानाले जानकारी दिए ।

नभेटिएकामध्ये कतिपय बालबालिका सीमापारि छिमेकी भारत पुगेको हुनसक्ने र त्यहाँबाट खोजी र उद्धार गर्न कठिनाइ हुने गरेको छ । सो मन्त्रालय र मातहतको राष्ट्रिय बाल अधिकार परिषद्ले स्थानीय तह र नेपाल प्रहरी समेतको समन्वयमा बालअधिकार ऐनको कार्यान्वयन, बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्दै आएको छ ।

परिषद्को बालबालिका खोजतसाल केन्द्रले पछिल्लो समय यही भदौ १७ गते काठमाडौँको कलंकीबाट बेवारिसे सडक बाललिकालाई खोजी गरेर उद्धार र व्यवस्थापन गरेको थियो । यसरी उद्धार गरिएका १३ वर्षमाथिका बालबालिकालाई बौद्धस्थित शुभर रिकभरी, उपचार तथा पुन:स्थापना केन्द्र र १३ वर्षमुनिका बालबालिकालाई ललितपुरको बाल आवाज संस्थाको गृहमा संरक्षण गरिँदै आएको छ । केन्द्रले हराएको बालबालिकाको खोजी गरी परिवारको जिम्मा लगाउने र अभिभावक पत्ता नलागेकालाई संस्थामा राखेर पढाइ र पालनपोषणका लागि समन्वय गर्दै आएको खोजतलास केन्द्रका कार्यक्रम अधिकृत सन्तोष अधिकारीले बताए । पैसा नलाग्ने फोन १०४ लाई काठमाडौँ उपत्यकाबाहेकका जिल्लामा परिषद्को सहयोगमा नेपाल प्रहरीको महिला, बालबालिका सेलले सञ्चालन गर्दै आएको छ ।

मन्त्रालयको आँकडा अनुसार विसं २०७३ वैशाखदेखि सुरु भएको 'सडक बालबालिका मुक्त नेपाल' अभियानबाट २०७८ असार मसान्तसम्ममा एक हजार ७८८ जना (बालक(-५३६, बालिका-२५२) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । सडकबाट ८६८ बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको, २१४ लाई विभिन्न सीपमूलक तालिममा पठाइएको र ५९ जना तालिम पूरा गरी सीपमूलक कार्यमा संलग्न रहेको, ५० बालबालिकाको परिवार तथा अभिभावक नभेटिएकाले दीर्घकालीन संरक्षणका लागि वैकल्पिक स्याहारमा पठाइएको छ ।

परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले उद्धार गरिएका बालबालिकामध्ये १८८ बालबालिकाले १८ वर्ष पूरा गरी स्वावलम्बी भएको रहेको बताए । मुलुकमा पछिल्लो समयमा १८ वटा बालहेल्पलाइन सेवा केन्द्र र बालबालिका खोजतलास समन्वय केन्द्रमा कोभिड-१९ हेल्प डेस्क सञ्चालन भएको छ । यी हेल्पडेस्कबाट गत आर्थिक वर्षमा तीनहजार ५७ बालबालिकाले सहयोग लिएको छन् । परिषद्ले बाल हेल्पलाइन (१०९८) को थालनी गरी जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ७१६ बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ भने १० हजार ३६८ जना बालबालिकालाई बाल हेल्पलाइन सेवा प्रदान गरेको छ ।

**कोभिड १९ मा बालबालिकाको संरक्षण**

सरकारले कोभिड-१९ लक्षित सचेतना सामग्रीको निर्माण गरी दुई लाख ६० हजारभन्दा बढीमा पहुँच पुगेको जनाएको छ भने सातै प्रदेशका ५४२ स्थानीय तहका ६१२ जनाको सहभागितामा कोभिड-१९ मा बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारीसम्बन्धी भर्चुअल माध्यमबाट अन्तर्क्रिया गराएको छ ।

बालबालिकालाई कोभिड-१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहलाई मन्त्रालयले अनुरोधपत्र पठाइएको छ । मुलुकमा ६० जिल्लाका १८० कोभिड संकट बालबालिका सहायता स्वयंसेवी समूह परिचालन गरिएको छ भने २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रका लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्री सहयोग गरिएको छ । नेपाल बाल संगठनको हातामा १० शैय्या भएको बालमैत्री क्वारेन्टिन स्थल सञ्चालनका लागि सहयोग उपलब्ध गराइएको छ भने ४५७ वटा बालगृहमा रहेका ११ हजार ३३२ बालबालिकाको अवस्था अनुगमन, समन्वय र सहजीकरण भएको छ । कोभिड-१९ बाट अभिभावकविहीन भएका ३० वटा स्थानीय तहबाट २०२ जना बालबालिकाको संरक्षण प्रक्रियाको सुरुआत गरिएको प्रवक्ता ढुंगानाले जानकारी दिए ।


**राष्ट्रिय बाल दिवस मनाइँदै**

'सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकार संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने नाराका साथ यही भदौ २९ गते प्रधानमन्त्री शेरबहादुर देउवाट भर्चुअलरुपमा शुभारम्भ गरिने ५७ औँ राष्ट्रिय बाल दिवस २०७८ का अवसरमा मनाइने बालअधिकारका क्षेत्रमा भएका प्रयास र उपलब्धिको समीक्षा हुँदैछ ।

दिवसकै अवसर पारेर सडक बालबालिकामुक्त राष्ट्र नेपाल बनाउने अभियानअन्तर्गत सडकदेखि रंगशालासम्म कार्यक्रम, बालअधिकार परिषद् र नेपाल रग्वी एसोशियसनले सडक बालबालिकालाई रग्वी प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरिनेछ ।

उक्त प्रशिक्षणमा ४० जना सडकबाट उद्धार तथा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको सहभागिता रहनेछ । विभिन्न संस्थाको सहकार्यमा सातै प्रदेशमा बालबालिकामा कोभिडले परेको प्रभाव र समाधानका उपायका विषयमा सिर्जनात्मक अभिव्यक्ति प्रस्तुत गर्ने कार्यक्रम पनि राखिएको छ ।

# चार मेगावाट बिजुली थपिँदै



लमजुङ (रासस)/ जिल्लामा आगामी असोज पहिलो सातादेखि चार मेगावाट बिजुली थपिने भएको छ । दोर्दी गाउँपालिका-७ र ८ को सिमानामा माथिल्लो छ्यांदीखोला साना जलविद्युत् आयोजना निर्माण सम्पन्न भएपछि सो परिमाणको बिजुली थपिने भएको हो ।


उत्पादन परीक्षण भइसकेकाले असोज पहिलो सातादेखि बिजुली राष्ट्रिय प्रशारण लाइनमा जोडिने आयोजनाका प्रमुख कार्यकारी अधिकृत एलबी थापाले जानकारी दिए । उनले भने, "असोज पहिलो सातादेखि नै बिजुली उत्पादन हुन्छ ।"

विसं २०७७ साउनमा सम्पन्न गर्ने लक्ष्यका साथ आयोजनाको काम थालिएको थियो । कोरोना संक्रमणका कारण आयोजना एक वर्ष ढिला सकिएको हो । ८० करोड ३५ लाखको लागतमा बिजुली उत्पादन भएको प्रबर्द्धक कम्पनी छ्यांदी हाइड्रोपावरले जनाएको छ । सो आयोजनामा बैंक अफ काठमाडौँ र कुमारी बैंकको ७५ प्रतिशत ऋण रहेको छ ।

आयोजनाको बाँधस्थलबाट सर्जटयाङसम्म दुई हजार ८७४ मिटर हेडरेस र सर्जटयाङबाट एक हजार ३५६ मिटर पेनस्टक पाइपबाट विद्युत् गृहमा पानी फालिएको छ । यहाँबाट उत्पादित बिजुली उदिपुर सवस्टेशनमा जोडिने छ ।

आयोजनाले २०७४ असार २२ गते नेपाल विद्युत् प्राधिकरणसँग पिपिए सम्झौता गरेको थियो । सो सम्झौता अनुसार बर्खायाममा प्रतियुनिट मूल्य चार रुपैयाँ ८० पैसा र हिउँदमा प्रतियुनिट आठ रुपैयाँ ४० पैसा तोकिएको छ ।

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु



चितवन (रासस)/ नारायणगढको लायन्सचोकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रत्ननगर नगरपालिका-१० का ३१ वर्षीय यदुराज पौडेल रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

कार्यालयका प्रवक्ता सूर्यबहादुर थापाका अनुसार सिमेन्ट लिएर जनकपुरतर्फ जाँदै गरेको ना८ख ६२४९ नम्बरको ट्रकले विपरीत दिशाबाट आइरहेको ना ३९ प २०९३ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा मोटर साइकल चालक पौडेल गम्भीर घाइते भएका थिए ।

घाइते पौडेलको उपचारका क्रममा अस्पताल ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको हो ।

पौडेलको शव भरतपुर अस्पतालमा राखिएको छ । ठक्कर दिने ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# राष्ट्रियसभामा एमालेको अवरोध कायमै



काठमाडौँ (रासस)/ राष्ट्रियसभाको बैठकमा पनि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को अवरोध कायमै रहेको छ ।

बैठक शुरु हुनासाथ एमालेका सांसदहरुले उभिएर विरोध जनाएपछि राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले सो पार्टीका सांसद भैरवसुन्दर श्रेष्ठलाई आफ्नो भनाइ राख्न समय उपलब्ध गराएका थिए । सांसद श्रेष्ठले दलीय आधारमा निर्वाचित सांसदलाई दलको निर्देशन नमान्दा आफ्नो दलले गरेको कारबाहीको सिफारिसलाई सभामुखले कार्यान्वयन नगर्दा समस्या उत्पन्न भएको बताए ।

उनले दलको निर्देशन नमान्ने १४ सांसदलाई कारवाहीको सिफारिस गरे पनि सभामुखले लामो समयसम्म कार्यान्वयनमा नलगी एमाले विभाजनमा सहयोगी भूमिका खेलेको आरोप लगाए ।

उक्त विषयमा प्रतिनिधि सभाका सभामुखले कुनै किसिमको गल्ती महसुस नगरेको तथा अझैसम्म पनि चित्तबुझ्दो जवाफ नदिएकाले जवाफ नआएसम्मका लागि सदनका काम कारवाही अगाडि नबढाइयोस् भन्दै सांसद श्रेष्ठले सभाअध्यक्ष तिमल्सिनालाई आग्रह गरे ।

अध्यक्ष तिमल्सिनाले प्रतिनिधिसभासँग सम्बन्धित विषय भए पनि बैठकमा कुरा उठ्नु स्वभाविक भएको र यो विषय समयसँगै निरुपण हुने बताए । एमालेका सांसदलाई अवरोध नगरी बैठक सञ्चालनमा सहयोग गर्न आग्रह गर्दासमेत उनीहरुले उभिएर विरोध जनाएपछि अध्यक्ष तिमल्सिनाले भने कार्यसूचीलाई अगाडि बढाएका थिए । बैठकमा अवरोधकैबीच विधान व्यवस्थापन समितिका सभापति पर्शुराम मेघी गुरुङकोतर्फबाट समितिका सदस्य ठगेन्द्रप्रकाश पुरीले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लोक सेवा आयोग विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन पेश गरेका थिए । राष्ट्रियसभाको अर्को बैठक सोमबारनै १५ मिनेटपछि बस्नेगरी स्थगन गरिएका थिए ।

# शोक प्रस्ताव पारित

काठमाडौँ (रासस)/ राष्ट्रियसभाको सोमबारको बैठकले सभाका पूर्वसदस्य रुक्म शमशेर जबराको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ ।

बैठकमा सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले प्रस्तुत गरेका शोक प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको थियो । बैठकमा स्व राणाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनको आत्माको चिर शान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो ।

राणा विसं २०४८ को राष्ट्रियसभामा मनोनीत सदस्य थिए । पूर्वराजदूतसमेत रहेका राणाको ८६ वर्षको उमेरमा यही भदौ २६ गते शनिबार निधन भएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही भदौ ३० गते बिहान ११ बजे पुन:बस्नेछ ।

# विश्वकप क्रिकेट लिग-२ : नेपाल र अमेरिकाबीच खेल हुँदै




काठमाडौँ (रासस)/ आइसिसी विश्वकप क्रिकेट लिग-२ त्रिकोणात्मक श्रृंखलाअन्तर्गत नेपालले सोमबार अमेरिकासँग एकदिवसीय खेल खेल्ने भएको छ । ओमानको अल अमिरात क्रिकेट मैदानमा नेपाल र अमेरिकाबीचको उक्त खेल ४:१५ मा शुरु हुनेछ ।

नेपालले अमेरिकासँग खेल्नु अघि पपुवा न्युगिनीसँग दुई एकदिवसीय खेल खेलेको थियो । नेपालले दुवै खेलमा पपुवा न्युगिनीलाई पराजित गरेको थियो ।

अमेरिकाले पनि नेपालसँग खेल्नुअघि पपुवा न्युगिनीसँग दुई एकदिवसीय खेल खेलेको थियो । अमेरिकाले दुवै खेल जितेको थियो । यसअघि नेपाल र अमेरिकाबीच सन् २०२० को फेब्रुअरीमा कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धा भएको थियो । नेपालले दुवै खेलमा अमेरिकालाई पराजित गरेको थियो । आइसिसी विश्वकप क्रिकेट लिग-२ मा नेपालसहित ओमान, स्कटल्यान्ड, नामिबिया, अमेरिका, पपुवा न्युगिनी र संयुक्त अरब इमिरेट्स (युएई) गरी सात राष्ट्रबीच खेल भइरहेको छ । सातै राष्ट्रले सन् २०२३ सम्म प्रतिस्पर्धा गर्नेछन् । शीर्ष तीन टोली सन् २०२३ मा भारतमा हुने एकदिवसीय विश्वकपका लागि ग्लोबल छनोटमा सोझै स्थान बनाउने छन् । पुछारका चार टोलीले प्लेअफ खेलनुपर्ने हुन्छ ।

यसअघि लिग-२ अन्तर्गत नेपालले घरेलु मैदानमा ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ ।

लिगमा नेपालले चार खेलमा चार अंक जोडेको छ । नेपाल छैटौं स्थानमा छ । ओमान १६ अंक जोडेर शीर्ष स्थानमा छ । १२ अंक जोडेको अमेरिका दोस्रो स्थानमा छ ।

स्कटल्यान्ड नौ अंकका साथ तेस्रो, नामिबिया आठ अंकसहित चौथो, युएई सात अंक जोड्दै पाँचौं तथा पपुवा न्युगिनी अंकविहीन रहँदै पुछारमा छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

**हार्दिक समवेदना**



जन्म: २०२८/१०/०९
स्वर्गारोहण: २०७८/५/१७

यस विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष, सहयोगी, मृदुभाषी, मनका धनी, समाजसेवी **रमेशकुमार लामा**को असमायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

सोमबहादुर लामा (प्रअ), **विद्यालय व्यवस्थापन समिति एवम्**
**श्री बाराही माध्यमिक विद्यालय, परिवार**
भीमफेदी-४ निवुवाटार, मकवानपुर

**पसल बिक्रीमा**

हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८०४२५५०७३**

# बागमतीमा २ सय ४१ जना स्थानीय तहका जनप्रतिनिधिले एमाले त्यागे

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशको उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) बाहेक दश जिल्लाका दुई सय ४१ जना जनप्रतिनिधिले नेकपा एमाले त्यागिसकेका छन् ।

२५ भदौसम्म निर्वाचन आयोगले तोकेको समयसीमा भित्र स्थानीय तहका दुई सय ४१ जनप्रतिनिधिले एमाले त्यागेको आधिकारिक पत्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा आयोगले पठाइसकेको छ । आइतबार सम्बन्धित कार्यालयमा आयोगले पत्र पठाएको हो ।



नेकपा (एकीकृत समावादी) रोजेका इन्द्रसरोवर गाउँपालिका अध्यक्ष जीवन लामा जिल्ला निर्वाचन कार्यालय हेटौंडामा पुगेर सनाखत गर्दै ।

एमालेको तर्फबाट स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरुले आफ्नै पार्टी फुटेर निर्माण भएको नेकपा (एकीकृत समाजवादी) को पक्षमा सनाखत गरेका हुन् । एमाले छाड्नेमा सबैभन्दा बढी धादिङ जिल्लाका जनप्रतिनिधि रहेका छन् । धादिङमा ८५ जनाले एमाले छाडेका छन् । जसमध्ये २ जना प्रमुख र दुईजना उपप्रमुख छन् । १३ वटा स्थानीय तहमध्ये धादिङमा एमालेले आठ वटामा जितेको थियो ।

काभ्रेमा ५६ जनप्रतिनिधिले नेकपा (एस) रोजेका छन् । दल विभाजनपछि निर्वाचन आयोगले भाद्र २२ गते साँझ ५ बजेसम्म उपलब्ध गराएको समयमा मण्डनदेउपुर नगर प्रमुख टोकबहादुर वाइबा, नमोबुद्ध नगर उपप्रमुख रामदेवी तामाङ, भुम्लु गाउँपालिका उपाध्यक्ष कल्पना श्रेष्ठ, मण्डनदेउपुर, बनेपा नगरपालिका, भुम्लु र महाभारत गाउँपालिकाका ११ जना वडाअध्यक्ष, जिल्ला समन्वय समितिका सदस्य २ जना, कार्यपालिका सदस्य ६ जना र अन्य ३४ जना गरी ५६ जनाले एकिकृत समाजवादी रोजेको छन् ।

मकवानपुरका तत्कालिन नेकपा एमालेकी अध्यक्ष तथा प्रदेशसभा सदस्य मुनु सिग्देलसहित ४० जना जनप्रतिनिधिले नवगठित नेकपा (एकीकृत समाजवादी) पार्टी रोजेका छन् । एमालेको तर्फबाट प्रदेशसभा सदस्य भएकी सिग्देल र स्थानीय तहमा निर्वाचित ३९ जना जनप्रतिनिधिले औपचारिकरुपमा वाग्मती प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडामा उपस्थित भएर नवगठित नेकपा (एस) रोज्दै सनाखत गरेका हुन् ।

जिल्लाका दुईवटा स्थानीय तहका प्रमुख, दुईजना उपप्रमुखसहित ३९ जना स्थानीय तहका प्रतिनिधिहरुले नेकपा (एस) रोजेका हुन् । कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तान, इन्द्रसरोबर गाउँपालिका अध्यक्ष जीवन लामा, हेटौंडा उपमहानगर पालिकाकी उपमेयर मीना लामा र मनहरी गाउँपालिकाकी उपमेयर मनिला विष्टले नयाँ पार्टी रोजेकी हुन् ।

चितवनमा एमालेका ३६ जना जनप्रतिनिधि नवगठित पार्टीमा आबद्ध भएका छन् । एमालेले जितेको ५५ वडा अध्यक्षमध्ये ११ जनाले नेकपा (एस) रोजेका छन् । नवगठित पार्टी रोजेकामध्ये ६ जनाले सनाखत फिर्ताका लागि निर्वाचन कार्यालयमा निवेदन समेत दिएका छन् । स्थानीय तहका प्रमुख तथा उपप्रमुख कसैले पनि एमाले छाडेनन् ।

नुवाकोटमा ९ जना, दोलखामा ७ जना, रामेछाप ५ जना, सिन्धुपाल्चोक र सिन्धुली २/२ जनाले नेकपा (एस रोजेका छन् । रसुवा जिल्लाबाट नेकपा एसको पक्षमा सनाखत गर्ने जनप्रतिनिधि शून्य रहेको छ । मंगलबारसम्म सनाखतको लागि कुनै पनि जनप्रतिनिधि नआएको जिल्ला निर्वाचन कार्यालयले रसुवाले जनाएको छ । रसुवामा ५ वटा स्थानीय तह रहेको छ ।

नेकपा एमालेले दुई वटा गाउँपालिकाको अध्यक्ष र पाँच वटा गाउँपालिकाको उपाध्यक्ष पदमा विजयी हासिल गरेको थियो । २७ वडामध्ये एमालेले १२ वडा अध्यक्ष जितेको थियो ।

# कोरियाको प्रवासी मञ्चमा मकवानपुरका भोम्जन



साझाकुरा संवाददाता

हेटौंडा/दक्षिण कोरियास्थित प्रवासी नेपाली एकता मञ्चको अध्यक्षमा मकवानपुरका शुभराज भोम्जन चयन भएका छन् ।

मकवानपुरगढी गाउँ-पालिका-२ घर भएका भोम्जन नेकपा (एकीकृत समाजवादी) निकट प्रवासी नेपाली एकता मञ्च दक्षिण कोरियाको अध्यक्षमा चयन भएका हुन् ।

नेकपा एमाले निकट प्रवास संगठन प्रवासी नेपाली मञ्च दक्षिण कोरियाको समानान्तर कमिटीको रुपमा रहेको प्रवासी नेपाली एकता मञ्च एकीकृत समाजवादी पार्टीमा समाहित भएको हो । एमाले विभाजित भएर नयाँ दल नेकपा एस बनेसँगै प्रवासी नेपाली मञ्च पनि फुटेको हो ।

भर्चुअल माध्यमबाट घोषणा सभा आयोजना प्रसावी नेपाली मञ्च नेकपा एसमा समाहित भएको घोषणा गरिएको थियो । संगठनको महासचिवमा राजकुमार राई (राजु)लाई नै निरन्तरता दिइएको छ । उपाध्यक्षमा रमेश थापा मगर, दशरथ कुँवर, सुर्य रुम्बा, सचिवमा जगदिश घरडी, अवदेशराज चौरासिया, अनिता रुम्बा, चयन भएका छन् । संगठनको अनुशासन विभाग प्रमुखमा उमेश कुँवर, आर्थिक विभाग प्रमुखमा जगत वाइबा, प्रचार विभाग प्रमुखमा अमिर योञ्जन र युवा विभाग प्रमुखमा घनश्याम अधिकारीलाई जिम्मेवारी दिइएको छ ।

प्रवासी नेपाली एकता मञ्चको केन्द्रीय सदस्यमा झलक क्षेत्री, कबिराज गिरी, सुरेश गिरी, ज्ञानेन्द्र थापा क्षेत्री, सन्देश राई, बिर चन्द्र कुलुङ राई, धनराज राई, सुमित्रा घिसिङ, सन्तोश साह, युवराज राई, सुरज थिङ, जयराम रिमाल, बिमल देबकोटा र खानिमाया सुनुवारलाई चयन गरिएको छ ।

मञ्चको सल्लाहकारमा प्रबिन पौडेल र जितबहादुर सारु मगर (रोयल) चयन भए । नेकपा एस केन्द्रीय सदस्य तथा विदेश विभाग इञ्चार्ज श्रीप्रसाद साहको प्रमुख आतिथ्यता तथा नेत्री रामकुमारी झाँक्रीको विशेष आतिथ्यतामा कार्यक्रम गरिएको थियो ।

# रानीमा निर्मित सालकको मूर्ती उद्घाटन




भीमसेन पौडेल

हेटौंडा/विश्वमा लोपोन्मुख एवम संरक्षित सूचीमा रहेको सालकको मूर्तिको सोमबार उद्घाटन गरिएको छ ।

हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहद्वारा चौघडा बजारमा निर्माण गरिएको साललको मूर्तिको सोमबार बिहान हेटौडा-६ का वडा अध्यक्ष अर्जुन प्रसाद चौलागाईंले उदघाट्न गरेका हुन् । समूहको चालु आव. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सालकको मूर्ति निर्माण गरिएको हो ।

कार्यक्रममा वडा अध्यक्ष चौलागाईंले रानी सामुदायिक वनले लोपोन्मुख सालकको मूर्ति निर्माण गरेर वन समूहले उदाहरणीय काम गरेको बताए । उनले यस्तो कार्यले सालकको अनुसन्धान गर्ने विद्यार्थी, अनसन्धानकर्ता, उपभोक्ता र सरोकार वालाहरुलाई मद्दत गर्ने बताए । रानी सामुदायिक वनले महिला आयआर्जन, संस्थागत विकास, वन व्यवस्थापन गरिबी न्यूनीकरण, सामाजिक कार्यहरु गरी वनको प्रतिष्ठालाई उच्च राखेको उनको दाबी छछ ।

कार्यक्रममा मूर्तिकार हर्क ब्लोन र सहयोगी प्रमोद गौतमलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा वन समूहकी कोषाध्यक्ष एवम् सालकको मूर्ति निर्माण उपसमितिकी संयोजक गोमा लामिछानेले साललको मूर्ति बनाउन एक लाख ११ हजार खर्च लागेको विवरण प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, समूहका उपाध्यक्ष केशव धिताल, सल्लाहकार बलराम अधिकारी, कृष्ण विडारी, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष अर्जुनप्रसाद दाहाल, न्यूरेनी चिसापानी सामुदायिक वनका उपाध्यक्ष रामचन्द्र अधिकारी, वन समूहका पदाधिकारी, उपभोक्ता र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

रानी सामुदायिक वनले २०६२ सालकदेखि सालकको संरक्षण, यसको बासस्थान निर्माण, प्रचारप्रसार, कानुनी व्यवस्था बारे छलफलका साथ काम गर्दै आएको छ । समूहले सालकको संरक्षणको लागि ब्लक नं. ५ मा डिभिजन वन कार्यालय, मकवानपुरको सहयोगमा सालक केजसमेत निर्माण गरेको समूहकी सचिव नानीमायाँ रुम्बाले जानकारी दिए ।

# वाइसीएल भीमफेदी अध्यक्षमा बुद्धिमान




साझाकुरा संवाददाता

हेटौंडा/नेकपा माओवादी केन्द्र निकट योङ्ग कम्युनिष्ट लिग (वाइसीएल) भीमफेदी गाउँपालिकाको अध्यक्षमा बुद्धिमान बज्यू चयन भएको छ ।

शनिबार बसेको भेलाले बज्यूको अध्यक्षतामा ३५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । भेलाले वाइसीयल भीमफेदीको उपाध्यक्षमा सुनिल कुमार लामा र अनोज विक, सचिवमा अनिता थापा, सह-सचिवमा दिपक आले र सपना थिङ, कोषाध्यक्षमा पेमा शेर्पा चयन गरेको छ ।

त्यसैगरी, सदस्यहरुमा क्रमशः सुमन मोक्तान, राजु थापा मगर, अनिल पुडासैनीलगायत चयन भएको माओवादी केन्द्र मकवानपुरका प्रचार विभाग प्रमुख कमान सिं पाखिन (पृथक)ले जानकारी दिए ।

भेलालाई सम्बोधन गर्दै माओवादी केन्द्रकी केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज कुमारी मोक्तानले परिवर्तनलाई संस्थागत गर्न युवाहरुको प्रभावकारी भूमिका जरुरी रहेको बताएकी छन् । भेलामा बागमती प्रदेश कमिटी सदस्य सर्केश घलान, जिल्ला सचिवालय सदस्य प्रमिला पुलामी, वाइसीएल इन्चार्ज सुमन पाखिन, भिमफेदी गातपालिका पार्टी कमिटी इन्चार्ज बद्री स्याङ्तान, वाइसीएल मकवानपुर जिल्ला अध्यक्ष राजकुमार मोक्तान, सचिव लवराज ठकुरी, पार्टी जिल्ला समन्वय कमिटी सदस्य सन्तविर लो, अप्सरा लोप्चन, प्रीतिलाल लामा, रञ्जित राना, मदन बर्तौलालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# डेकद्वारा अन्तर्क्रिया



साझाकुरा संवाददाता

हेटौंडा/डेक नेपालको आयोजनामा हेटौंडामा शिक्षासम्बन्धी नीति निर्माणमा नागरिक समाजको भुमिका विषयक अन्तर्क्रिया कार्यक्रम भएको छ ।

डेक नेपालले अमेरिकी दातृ निकाय यूएसएडको आर्थिक सहयोगमा परियोजना अन्तरगत अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा शिक्षाको परिचय र महत्व, संविधानमा शिक्षा, मकवानपुरमा शैक्षिक अवस्था, शिक्षामा चुनौतीहरु तथा सुधार ल्याउन गर्नुपर्ने कामहरु, शिक्षाको अधिकार सुनिश्चितताको लागि नागरिक समाजको योगदानलगायतको विषयमा प्रस्तुतिकरण गरिएको थियो ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका बागमती प्रदेश संयोजक प्रकाश खतिवडाले सहजिकरण गरेको कार्यक्रममा मकवानपुर र धादिङका सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका शाखा अधिकृत कृष्ण प्रसाद सापकोटा, हेटौंडा उपमहानगर पालिकाका शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल, मनहरी गाउँपालिकाका शिक्षा अधिकृत हरिचन्द्र सापकोटा, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी उपाध्यक्ष आरती पाठक, नागरिक समाज मञ्च मकवानपुरकी संयोजक रमिला सापकोटालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

















सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४५३८९११६







साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakura.com.np, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल